# पशु बधशाला र मासु जाँच ऐन सम्बन्धी बारम्बार सोधिने प्रश्नहरू
## (Frequently Asked Questions - FAQs)

### १. पशु बधशाला र मासु जाँच ऐन, २०५५ किन आवश्यक पर्दछ ?

पशु बधलाई व्यवस्थित बनाउन, मासुमा मिसावट रोक्न, गुणस्तरीय मासु उपभोक्तासम्म पुऱ्याउन र सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न यो ऐन आवश्यक पर्दछ ।

### २. यो ऐन कहिलेदेखि लागु हुन्छ ?

| क्र.सं. | ऐन प्रारम्भ हुने क्षेत्र | ऐन प्रारम्भ हुने मिति |
|---|---|---|
| १ | काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तह | संवत् २०८३ साल मङ्सिर १ गतेदेखि |
| २ | काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला बाहेक अन्य जिल्लाका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका | संवत् २०८३ साल माघ १ गतेदेखि |
| ३ | काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला बाहेक अन्य जिल्लाका गाउँपालिका | संवत् २०८४ साल साउन १ गतेदेखि |

### ३. के मैले पशु बधशाला स्थापना गर्नको लागि इजाजतपत्र लिनुपर्छ?

लिनुपर्छ। इजाजतपत्र लिनको लागि योजनाको प्रस्ताव र स्थानीय तहको सम्बन्धित वडा कार्यालयको सिफारिस सहित प्रदेश सरकार मातहतको जिल्लास्थित पशु सेवा सम्वन्धी कार्य गर्ने निकाय वा कार्यालयमा निवेदन दिनुपर्नेछ।

### ४. यो ऐन लागु हुनुभन्दा अगाडि नै स्थापना भएका पशु बधशालाले पनि इजाजत लिनुपर्छ ?

लिनुपर्छ।

### ५. के मासु बिक्री वितरण गर्ने मासु पसलहरुले पनि इजाजतपत्र लिनुपर्छ?

लिनुपर्छ। व्यवसायिक रूपमा मासु बिक्री गर्ने मासु पसलहरुले इजाजतपत्र लिनको लागि स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

### ६. के पशु बध गर्नु अघि पशुको स्वास्थ्य परीक्षण गर्नुपर्छ?

गर्नुपर्छ। पशु स्वस्थ छ वा छैन भन्ने सुनिश्चित गर्न मासु निरीक्षकले बधपूर्व पशुहरुको स्वास्थ्य परीक्षण गर्नुपर्छ।

### ७. मासु निरीक्षक को हुन्?

जिउँदो पशु तथा पशुको मासुको निरीक्षण गर्नको लागि नेपाल सरकार वा प्रदेश सरकारले नियुक्त गरेको पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको पशु चिकित्सकलाई मासु निरीक्षक भनिन्छ।

### ८. के रोगी पशु बध गर्न पाइन्छ?

पाइँदैन। परीक्षणका क्रममा रोगी देखिएमा मासु निरीक्षकले त्यस्तो पशु बध गर्न रोक लगाउन सक्छन्।

### ९. के सबै पशुहरुको बध बधशालामा नै गर्नुपर्छ?

बधशाला स्थापना भएको ठाउँमा पशुहरुको बध बधशालामा नै गर्नुपर्छ। बधशाला नभएको क्षेत्रमा मासु सुपरीवेक्षकले तोकेको समय र स्थान वा बधस्थलमा पशुहरुको बध गर्न सकिन्छ।

### १०. पशुको बध पछि पनि मासुको परीक्षण गर्नुपर्छ?

गर्नुपर्छ। बध गरिएको पशुको मासुलाइ मासु निरीक्षकले परीक्षण गर्नुपर्छ।

### ११. मासु पसलले कस्तो मासु विक्री वितरण गर्नु पर्छ?

मासु पसलले बधशाला वा बधस्थलमा विधिपुर्वक बध गरिएको, मासु निरीक्षकले खानयोग्य भनी छाप लगाएको र उचित चिस्यान भण्डारण गरिएको मासु विक्री वितरण गर्नुपर्छ।

### १२. मासुमा मासु निरीक्षकले छाप वा चिन्ह नलगाएको मासु विक्री वितरण गर्न पाइन्छ ?

पाइँदैन।

### १३. मासु पसलले कुन प्रकारको मासु बिक्री वितरण गर्नु हुँदैन?

रोग लागेर वा कालगतिले मरेको पशुको मासु बिक्री वितरण गर्नु हुँदैन।

### १४. विभिन्न पशुको मासु मिसाएर बिक्री गर्न पाइन्छ?

पाइँदैन। एक जातको पशुको मासुलाई अर्को जातको पशुको मासु हो भनेर वा मिसावट गरेर बिक्री गर्न निषेध गरिएको छ।

### १५. मासुमा रसायन वा अन्य पदार्थ मिसाउन पाइन्छ?

पाइँदैन। मासुको स्वभाविक गुण वा स्वाद परिवर्तन गर्ने वा तौल बढाउने गरी कुनै पदार्थ मासुमा मिसाएर बिक्री गर्न पाइने छैन।

### १६. पशु बधशाला, बधस्थल वा मासु पसलहरुको निरीक्षण कसले गर्नेछन्?

मासु निरीक्षक वा मासु सुपरिवेक्षकले पशु बधशाला वा मासु बिक्री गरिने स्थानमा प्रवेश गरी निरीक्षण तथा नमूना संकलन गर्न सक्छन्।

### १७. के व्यापारिक प्रयोजनको लागि मासु खुल्ला रुपमा ओसार पसार गर्न पाइन्छ ।

पाइन्दैन। चिल्लो सतह भएको, झ्याल ढोकाहरु राम्ररी बन्द गर्न सकिने र तापक्रम नियन्त्रित सवारी साधनमा राखेर मासुको ओसार पसार गर्नुपर्छ।

### १८. के चाडपर्व, धार्मिक पूजाआजा, भोज भतेर वा धार्मिक उत्सव जस्ता कार्यको सिलसिलामा पनि पशुलाइ मन्दिर वा परम्परादेखि चलिआएको स्थानमा पशु बध गर्न पाइनेछैन?

पाइन्छ। परम्परागत धार्मिक तथा सांस्कृतिक कार्यका सन्दर्भमा पशु बधशाला / बधस्थल बाहेकका स्थानमा पशु बध गर्न र छाला सहितको मासु उपभोग गर्न पाइन्छ।

### १९. यो ऐन उल्लङ्घन गरेमा के सजाय हुन्छ?

कसुरको प्रकृतिअनुसार पाँच हजार रुपैयाँ देखि बीस हजार रुपैयाँ सम्म जरिवाना र १ महिनादेखि ३ महिनासम्म कैद वा दुवै सजाय हुन सक्छ।

### २०. उपभोक्ताले मासु खरिद गर्दा के-के कुरामा ध्यान दिनुपर्छ?

उपभोक्ताले इजाजत प्राप्त मासु पसलबाट मासु निरीक्षकले आधिकारिक छाप वा चिन्ह लगाएको मासु मात्र खरिद गर्नुपर्छ ।